लुम्बिनी प्रदेश सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

# सहकारी दर्ता अधिकारीको कार्यालय

राप्ती उपत्यका(देउखुरी), नेपाल ।

Email: oocr.lumbini@gmail.com

सम्पर्क नं. ०८२-५९०७३९


प. सं. ०८३।८४

च. नं.

मितिः२०८३।०४।०१

**विषयः सहकारी संघ /संस्थाको विनियम संशोधन सम्बन्धी सूचना ।**

यस कार्यालयको कार्यक्षेत्र भित्र पर्ने सहकारी संस्थाहरुले विनियम स्वीकृति तथा विनियम संशोधनको लागि यस कार्यालयमा कागजात पेश गर्दा तपसिल बमोजिमको प्रक्रिया अनिवार्य रुपमा अवलम्बन गर्नुहुन सूचित गरिन्छ ।

तपसिलः

- सहकारी संस्थाले विनियम संशोधन गर्दा लुम्बिनी प्रदेश, सहकारी संस्थाको वार्षिक साधारणसभा (कार्यव्यवस्था) निर्देशिका, २०८२ को दफा ४९,५०,५१,५४,५५ लगायतका अन्य आवश्यक दफा र संशोधनको मस्यौदा सहित अनुसूची ४ र ५ मा उल्लेखित व्यवस्था अनुरुप कार्य गर्नु गर्ने।
- संस्थाले विनियम बनाउँदा सहकारी नियमावली,२०७६ को अनुसूची -१० मा उल्लिखित विषयहरु समावेश गर्नु पर्ने,
- संशोधनको लागि निवेदन पेश गर्नु भन्दा अगाडि सैद्धान्तिक स्वीकृति लिनुपर्ने, सैद्धान्तिक स्वीकृतिका लागि निवेदन दिँदा सञ्चालक समितिको निर्णयको प्रतिलिपि र तीन महले फाराम दुई प्रति समावेश गर्नु पर्ने,
- विनियम संशोधनको लागि निवेदन दिँदा साधारण सभाको निर्णयको प्रतिलिपि, विनियम संशोधनको मस्यौंदाको दुई प्रति तथा तीन महले फाराम दुई प्रति पेश गर्नु पर्ने,
- प्रदेश सहकारी ऐन, २०७६ र प्रदेश सहकारी नियमावली,२०७६ लागु हुनु भन्दा अगाडि कार्यान्वयनमा रहेका विनियमलाई सहकारी नियमावली, २०७६ को अनुसूची -१० बमोजिमको विवरण समावेश गरेर विनियम स्वीकृतिको लागि पठाउँदा जुन मितिमा साधारण सभाबाट स्वीकृत हुन्छ सोही मितिको विनियम उल्लेख गरी साविकको व्यवस्था खारेज गरिएको भन्ने व्यवस्था राख्ने,
- विनियम संशोधन तथा स्वीकृतिको लागि पेश गर्दा संलग्न अनुसूची बमोजिमको संस्थाको संक्षिप्त इतिहास अनिवार्य उल्लेख गर्नु पर्ने।

**अनुसूचीको ढाँचा**

संस्थाको संक्षिप्त इतिहासः-

१. प्रारम्भिक संस्थाको स्थापना मितिः

२. विनियम स्वीकृत भएको मितिः

३. विनियम संशोधन भएको मिति क्रमैसँगः

४. एकीकरण वा कार्यक्षेत्र सेवा केन्द्र विस्तार भएको भए कुन मितिमा भएको हो सोको विवरणः

५. एकीकरण भएको भए कुन कुन संस्थाहरु कुन मितिमा एकीकरण भएको हो सोको विवरणः

६. कार्यक्षेत्र विस्तार भएको भए कुन निकायको स्वीकृतिबाट कुन मितिमा विस्तार भएको हो सोको विवरणः

७. सेवा केन्द्र रहेको भए सेवा केन्द्र राख्ने निर्णय र सेवा केन्द्रहरुको विवरणः

(नोटः लुम्बिनी प्रदेश, सहकारी संस्थाको वर्षिक साधारणसभा (कार्यव्यवस्था) निर्देशिका २०८२यस कार्यालयको website / सो को लिंक ..\ऐन कानुन\सहकारी संस्थाको वार्षिक साधारणसभा कार्यव्यवस्था निर्देशिका 2082.pdf उपलब्ध छ)

२०८३।०४।०१

दर्ता अधिकारी